एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र उसले कुनै विषयको बारेमा कुरा गर्यो र भन्यो: अल्लाह र तपाईले जे चाहनुहुन्छ त्यही हुनेछ । यो सुनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "के तिमीले मलाई अल्लाहको प्रतिद्वन्द्वी ठहर गरेको छौ?" बरु यसो भन्नु: अल्लाहले मात्र जे चाहनुहुन्छ (त्यही हुन्छ) ।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र उसले कुनै विषयको बारेमा कुरा गर्यो र भन्यो: अल्लाह र तपाईले जे चाहनुहुन्छ त्यही हुनेछ । यो सुनेर नबी (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभयो: "के तिमीले मलाई अल्लाहको प्रतिद्वन्द्वी ठहर गरेको छौ?" बरु
यसो भन्नु: अल्लाहले मात्र जे चाहनुहुन्छ (त्यही हुन्छ) ।"
[यसको सनद हसन हो] [इब्ने माजहले र निसाईले सुनन कुब्रा मा तथा अहमदले वर्णन गरेका छन्]

एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र उसले कुनै विषयको बारेमा कुरा गर्यो र भन्यो: "अल्लाह र तपाईंले जे चाहनुहुन्छ त्यही हुनेछ ।” नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो भनाइको निन्दा गर्नुभयो र भन्नुभयो: सृष्टिको इच्छालाई सृष्टिकर्ताको इच्छासँग "वाव" ("र") अक्षरले मिलाएर एकसाथ भन्नु सानो शिर्क हो । मुस्लिमले यसरी भन्नु अनुमति छैन । त्यसपछि उहाँले : "अल्लाहले एक्लै जे चाहनुहुन्छ त्यही हुन्छ ।” भनेर सही तरिका सिकाउनु भयो । किनभने उहाँको चाहनाको साथमा अरु कसैको इच्छासँग मिलाउनु हुँदैन ।

https://sunnah.global/hadeeth/ne/show/5928